**प्राज्ञिक विमर्श**, **वर्ष ७, अङ्क, १३, २०८२ वैशाख,** ISSN 2676–1297

# यमदूतको आत्मसमर्पण कथासङ्ग्रहमा नारीसमस्या

**❋दीपकप्रसाद ढकाल**
**deepakdhakal973@gmail.com**

**अध्ययनसार**

यमदूतको आत्मसमर्पण कथासङ्ग्रहमा पन्तले आफू बाँचेको समयको बिम्ब चित्रण गरेको देखिन्छ। स्रष्टा आफू नारी भएका कारणले समस्यालाई गहिरोसँग अवलोकन गर्न तथा त्यसरी गरिएको अवलोकनबाट नारीले प्राप्त गरेका संस्कृति स्थान र भूमिका, जैविक भूमिका तथा यौनिक पहिचानसँग सम्बद्ध भूमिकामा अधिक सूक्ष्म बनेको देखिन्छ। नेपाली समाजमा परम्परागत मूल्यमान्यता, विश्वास र निरन्तरताको संस्थागत अभ्यासमा आधारित भएर नारी र पुरुषलाई फरक र तथा विशिष्ट भूमिका तय गरिएको छ। नारीमा प्राकृतिक गुण तथा जिम्मेवारीको विशिष्टता एकातिर छ भने मानव निर्मित सांस्कृति मान्यताका आधारमा निदिष्ट भूमिका अर्कातिर छ। सांस्कृतिक समस्या, यौनिक पहिचान र जैविक समस्या प्रायः कथामा देखिएको छ। यीमध्येमा पनि यौनिक पहिचान तथा त्यसले लिएका विविध मोड बढी सघन र प्रबल बनेको देखिन्छ। सांस्कृतिक समस्याका दृष्टिले 'यमदूतको आत्मसमर्पण' सघन छ। त्यसैगरी यौनिक पहिचानका कोणबाट 'लेखकको मृत्यु', 'पहिलो प्रेम', 'दोषी को ?' र 'एक पतिताको साबिति बयान' प्रतिनिधि छन्। यिनमा नारीका यौनिक संवेग तथा त्यसको तुष्टीका निम्ति चालिएको कदम पितृसत्तात्मक समाजमा गढेको नैतिक अनैतिकको घेरा बाहिर पार गरेको अवस्था छ भन्ने निष्कर्ष निकालिएको छ।

**मुख्य शब्दावली** : परम्परागत मूल्यमान्यता, विश्वास, निरन्तरता, यौनिक संवेग, मनोदशा।

**विषयप्रवेश**

साधना पन्त 'प्रतीक्षा'को *अमदूतको आत्मसमर्पण* (२०७९) कथासङ्ग्रह भर्खर प्रकाशनमा आएको छ। पन्त नेपाली साहित्यको कविता, कथा, गजलजस्ता विधामा सृजनात्मक परिचय बनाएकी स्रष्टा हुन्। त्यसैगरी सृजनालाई स्रष्टाको युगीन चेतना तथा विधागत मूल्यका कोणबाट पर्गेल्ने समालोचकीय व्यक्तित्वका रूपमा पनि परिचित र स्थापित नाम हो। यमदूतको आत्मसमर्पण कथासङ्ग्रहमा पन्तले आफू बाँचेको समयको बिम्ब चित्रण गरेको देखिन्छ। स्रष्टा आफू नारी भएका कारणले समस्यालाई गहिरोसँग अवलोकन गर्न तथा त्यसरी गरिएको अवलोकनबाट नारीले प्राप्त गरेका संस्कृति स्थान र भूमिका, जैविक भूमिका तथा यौनिक पहिचानसँग सम्बद्ध भूमिकामा अधिक सूक्ष्म बनेको देखिन्छ। उनका कथाको पठन पश्चात यी कथागत मूल्य सघन भएको आधारसमेत मिल्छ। सङ्ग्रहका कथामा अधिकांशले नारीका मनोदशालाई सूक्ष्मता दिएको देखिन्छ। नारीले परिवार, घर, समाजमा प्राप्त गरेका सांस्कृति स्थान तथा पहिचानको विषय, नारीको जैविक संरचना तथा उक्त संरचनाबमोजिम प्रकृतिले निर्दिष्ट गरेको पहिचान र नारीका यौनिक संवेदना र त्यस्तास्तो संवेदनाले प्रकृतिक निकाश नपाएपछिको पीडालाई यिनको यस सङ्ग्रहका कथामा व्यक्त गरिएको देखिन्छ। मूलतः नारी पात्र तथा त्यस्ता पात्रले कथाहरूमा प्रस्तुत गरिएका दिक् तथा कालमा भोगेका समस्यामा नै यिनका कथा केन्द्रित भएको छ। त्यसैले यिनै नारी समस्या केन्द्रित कोणबाट यस सङ्ग्रहका कथाको विश्लेषण यस प्रकार गरिएको छ :

**नारीसमस्याको पहिचान र विश्लेषण**

नेपाली समाजमा परम्परागत मूल्यमान्यता, विश्वास र निरन्तरताको संस्थागत अभ्यासमा आधारित भएर नारी र पुरुषलाई फरक र तथा विशिष्ट भूमिका तय गरिएको छ। नारीमा प्रकृतिक गुण तथा जिम्मेवारीको विशिष्टता एकातिर छ भने मानव निर्मित सांस्कृति मान्यताका आधारमा निदिष्ट भूमिका अर्कातिर छ। साधना पन्त नेपाली समाजका यस्ता अनुभव, घटना तथा व्यवहारलाई मसिनो गरी कथाको मानकीकरणमा विन्यास गर्ने सचेत स्रष्टा हुन्। समाजमा व्याप्त यस्ता घटना र अभ्यासले जीवनमा कस्तो प्रभाव पारेको हुन्छ तथा त्यसले दिने

**❋ लेखक त्रि.वि.केन्द्रीय क्याम्पसमा प्राध्यापनरत अनुसन्धानकर्ता हुन्।**

सन्देश के हो भन्ने कोणबाट यिनका कथाका पात्रले चरित्रको स्वरूप ग्रहण गरेको देखिन्छ । यस आधारमा यस सङ्गहमा प्रकाशित कथालाई मुख्यतः नारीको सांस्कृतिक समस्या, यौनिक समस्या र जैविक समस्या गरी तीन दृष्टिले यस प्रकार विश्लेषण गरिएको छ :

**सांस्कृतिक समस्या**

नेपाली समाजमा नारीलाई समाज निर्मित नियम तथा व्यवहारको परिपालनामा कठोर रूपले बद्ध गरिएको छ । समाजका रीतिस्थिति, आचरण तथा विधि निषेधका विषयमा नारीको स्वभाव र बानीलाई मुख्य आधार बनाइएको छ र यसको परीक्षण परिवारबाट गरिएको छ । अर्थात् परिवारमा यस्ता नियमको संस्थागत परिपालना भयो या भएन भन्ने विषयलाई नारीका आचरण र स्वभावका केन्द्रीयतामा हेरिन्छ । नारी सही भए परिवार सही र सत्मार्गमा हुने अन्यथा भए परिवार पनि सामाजिक मूल्यमान्यतामा चुक्ने व्याख्या गरिएको पाइन्छ :

> समाजको वैचारिक क्षितिजभित्र स्त्रीलाई सांस्कृतिक परम्पराको संरक्षकका रूपमा लिइन्छ भने पुरुषलाई आधुनिकताको सक्रिय कर्ताका रूपमा । यस्तै गरेर नारीलाई घरभित्रको आन्तरिक स्थलका रूपमा जोडिइन्छ भने पुरुषलाई घरबाहिरको संसारसँग यस किसिमको पितृसत्तात्मक सोचअनुरूप नारीको शरीर, मनोभावना र व्यवहारले राष्ट्रिय तथा पारिवारिक दुवै किसिमका परम्पराको प्रतिरक्षा गर्नुपर्छ (उप्रेती, २०७८, पृ.१८९)।

वास्तवमा नारीका यी भूमिका तथा त्यसले समाजलाई पार्ने प्रभावको विषय भनेको निर्मित हुन् । प्राकृतिक पक्ष होइनन् किनभने प्रकृतिले हरेक जैविक संरचनालाई उसको खास गुण वा जिम्मेवारीका तहमा मात्र पृथक् भूमिका दिएको हुन्छ । देशकालपिच्छे फरकफरक तुल्याएको हुन्न । वैदिक कालमा पूर्वीय समाज व्यवस्थामा नारीका भूमिका नर समान हुने र कुनै पनि कार्यमा क्षमता तथा सीपअनुसार साझा संलग्नता हुने अवस्था देखिन्छ । वैदिक कालीन समाजमा सुलभा, गार्गी अपला, घोषाजस्ता विदुषीले वैदिक ऋचाको रचना र पाठपरायण गरेको उल्लेख छ भने उत्तरवैदिक कालीन समाजमा विवाहपूर्वका शैक्षिक व्यवहारमा संलग्नलाई सद्योवहाज तथा जीवनपर्यन्त अविवाहित रहेका विदुषीलाई ब्रह्मवादिनी भनिएको पाइन्छ (पन्त, २०७८ पृ.१५) । नारी प्राकृतिक जिम्मेवारीका खास जैविक भूमिका हुन् । जैविक गुण र भूमिका सार्वभौम विषय हो तर नातासम्बन्धमा बाँधिनु, सम्बन्धअनुसारका व्यवहार पालना गर्नु, श्रमका खास प्रकृति निर्धारण गर्नु तथा त्यसको आर्थिक मूल्यको स्तरण गर्नु केवल समाजको निर्मिति मात्र हो । यसै आधारमा नारीको उत्पादन श्रमसम्बन्ध पनि पुरुषद्वारा नियन्त्रित छ ।

> ...महिलाले घरबाहिर गएर काम गर्ने क्षमता र देखाइहाली भने पनि पुरुषले नचाहेको खण्डमा उसलाई रोक्न सक्छ । कथमूकदाचित् महिलाले महिलाले घरबहिर गएर काम गर्ने स्वीकृति पाइहाली भने पनि काम गरेवापत उसले आर्जन गर्ने कमाइमा प्रत्यक्ष परोक्ष रूपमा पुरुषकै नियन्त्रण रहन्छ । पितृसत्तात्मक समाजमा पुरुषका अगाडि महिला तल्लो दर्जाको प्राणी ठहरिएका कारण उसबाट आर्थिक लाभ उठाउन चाहे उठाउन पाउनु पुरुषको अधिकारभित्रै पर्दछ (पाण्डे, २०६९, पृ.१३) ।

समाजका अधिकांश सदस्यले उत्पादनका स्रोतमाथिको नियन्त्रणलाई आधार बनाई निर्णयाधिकार सृजना गरेको देखिन्छ । नारीमा रहेको प्राकृतिक जिम्मेवारी तथा शरीरले गर्भाधारणका सिलसिलामा प्राप्त गर्ने अङ्ग प्रणालीको कमजोर अवस्थालाई आधार बनाएर पुरुष वर्गले शोषण गर्न थालेको हो । यसले समाजमा संस्थागत रूप लिन गएका कारण समाजमा उपरीसंरचना तयार भएको र सांस्कृतिक रूप लिन पुगेको हो । समाजका विभिन्न संस्थागत व्यवहारमा परिणत भएका यस्ता सांस्कृतिक विषयले नारीको व्यक्तिगत, पारिवारिक, सामाजिक तथा पेसागत जीवनका समस्यालाई साधना पन्त 'प्रतीक्षा' का कथामा विषयवस्तु बनाइएको देखिन्छ ।

यमदूतको आत्मसर्मपणमा सङ्गृहीत अधिकांश कथामा नारीजीवनका समस्यामा आलोचनात्मक दृष्टि परेको देखिन्छ । तिनमा पनि 'यमदूतको आत्मसमर्पण', 'प्रतीक्षित ती आँखाहरू', 'मतदान' र 'मायाका बिझाइहरू' कथामा नारीका समस्या बढी मुखर भएको देखिन्छ । नेपाली समाजमा नारीलाई वर्गीय भूमिका र श्रमसम्बन्धमा बाधेर राख्ने प्रचलन छ । नारीले प्राप्त गरेको प्राकृतिक भूमिकाका साथै अन्य व्यवहार परिवार तथा समाज निर्मित मात्र हुन् । त्यसमा कुनै प्राकृतिक र वस्तुगत आधार हुन्न । कथाकार पन्त पनि यही कोणबाट नेपाली समाजका नारी तथा तिनले परिवार एवं समाजमा निर्वाह गर्नु परेको भूमिकालाई सांस्कृतिक समयका आधारमा प्रस्तुत गर्ने

स्रष्टा हुन् । 'यमदूतको आत्मसमर्पण' कथामा एउटी नारी आफ्नो पारिवारिक र पेसागत भूमिकामा कति व्यस्त र यन्त्रवत भई बद्ध भएकी हुन्छिन् भन्ने कथावस्तु छ । सासू, आमा, छोरा, छोरी, विद्यार्थी, प्राध्यापनका सिलसिलामा जोडिएका भूमिका सम्पादन यति निमग्न भएर गर्नु परेको छ कि यमदूतले समेत मृत्युको समय टारेर मर्त्यलोकबाट फर्केको छ ।

> "हेर आजसम्म मैले कसैलाई पर्खेर यसरी बिलम्ब गरेको थिइन । अब खुरुक्क हिँड अन्यथा उठाएर लैजान्छु ....।" उसको भनाइ नटुङ्गिदै युवती आत्तिएर बोली "त्यसो नगर्नुहोस् । बिन्ती ! मलाई जानु त छँदै छ म गइहाल्छु । केवल सासूआमाको औषधि...उहाँ पीडाले छटपटाउनुभएको मैले मात्र होइन । तपाईंले पनि सहन सक्नहुन्न ।" (पृ.१५)

नेपाली समाजमा नारीको यस स्तरको बहुआयामिक भूमिका र श्रमसम्बन्ध संस्थागत रूपले रहेको छ । आर्थिक मूल्यमा नजोडिने तर अत्यन्त संवेदनशील कार्य नारीले परिवारमा सम्पादन गरेका हुन्छन् । यसमा पुरुषको उपस्थिति नदेखिने अवस्था छ । नारीका यी जिम्मेवारीप्रति सकारात्मक स्नेही भावसमेत नभएको एकाङ्गी श्रमसम्बन्ध विकास भएको छ । यसले सांस्कृतिक रूप लिन जाँदा नारीका समस्या संस्थागत बन्न पुगेको देखिन्छ । प्राकृति र जैविक भूमिकाका दृष्टिले कुनै पनि मानिसको परिवार र समाज सापेक्ष स्थान निर्धारण गरेको हुन्न तर नेपाली समाजमा नारीलाई निश्चित भूमिकाका निम्ति बद्ध तुल्याइएको देखिन्छ । त्यसैगरी नेपाली समाजमा निम्नवर्गका परिवारमा हुर्किएका बालबालिकाले राज्यको अनिवार्य भूमिकामा पर्ने शिक्षाबाट वञ्चित बन्नु परेको तथा शहरीकरण सँगै विकास भएको घरेलु मजदुरमा परिणत हुनु परेको अवस्था 'प्रतीक्षित ती आँखाहरू' कथामा बाल पात्र उजेलीको चरित्रमा प्रस्तुत भएको छ । छोरीलाई गुणस्तरीय शिक्षा आवश्यक नहरेको भन्ने बुझाइ नेपाली समाजमा गढेको छ । यसैको परिणामस्वरूप उजेली घाँसदाउराको जीवनमा सीमित भएकी छ भने मूल्यहीन श्रमसम्बन्धमा जोडिनु परेका नेपाली समाजका नारीको जीवन प्रतिनिधित्व पनि गरेकी ण्छ । "उजेलीले आफ्नी आमाको दुःख देखेकी थिई । उसलाई लाग्थ्यो नपढेका कारण उसकी आमा र गाउँका आइमाईहरूले दुःख पाएका होलान् । त्यसैले ऊ पढेर त्यस्तो दुःखबाट मुक्त हुन चाहन्छे" (पृ.६६) । शहर गएर धेरै पढ्ने र सुखी जीवन जीउने सपना उजेलीले देखेकी छ तर दुर्भाग्य सपना पूरा कल्पना गर्दागर्दै भीरबाट खसेर गम्भीर घाइते भएको स्थिति छ ।

नेपाली समाजमा नारीलाई अझै पनि श्रमदासका रूपमा, ज्यालाविहीन कामदारका रूपमा र कुनै मानवीय दायित्व पूरा गर्नु नपर्ने सदस्यका रूपमा व्यवहार गरिन्छ । यस्तो व्यवहारले संस्थागत स्वरूपसमेत लिएको छ । त्यसैले नेपाली नारीका सांस्कृतिक स्थान र श्रमसम्बन्धका कारण उत्पन्न भएका समस्या पन्तका कथामा प्रस्तुत भएको देखिन्छ । समाजको रूपान्तरण राजनीतिक व्यवस्था र त्यसका पद्धतिको स्थिरताबाट हुने हो । यसलाई नागरिकले मताधिकारको प्रयोग गरेर प्रस्तुत गरेका हुन्छन् । नारीको समस्या सशक्त रूपले प्रस्तुत नारी नै जनिप्रतिनिधि हुनुपर्छ भन्ने मान्यता सामान्यतः स्वीकार्य छ तर प्रतिनिधित्व गरेका नारीमा पनि व्यक्तिगत कमजोरी प्रधान बन्न पुग्दा आम नारीका सांस्कृतिक अवस्थामा परिवर्तन हुन नसकेकोप्रति कथाकार पन्त संवेदनशील बनेको देखिन्छ । "बहिनी यसपालि त म पनि उठेकी छु ! हेर यी पुरुषहरूले हामीलाई कति शोषण र दमन गरिरहेका छन् । कम्ती सङ्घर्ष गरेर टिकट लिएकी हुँ र ? हामीलाई माथि पुग्लान् भनेर कतिसम्म रोक्न खोजेका भने...." (पृ.६९) भनेर नारीका सांस्कृतिक समस्याको भोक्ता स्वयं भएको स्वीकारोक्ति छ । जनप्रतिनिधि बन्नका निम्ति 'शीला'ले देखाएको सांस्कृतिक रूपान्तरणको सपना नेपाली समाजको यथार्थ हो । नारीका समस्यालाई नारीले नै गहिरोसँग बोध गरेको हुन्छन् र समाधानका निम्ति पनि नारी नै संवेदनशील हुन्छन् भन्ने सामान्य बुझाइ हुन्छ । परेको बेलामा बोल्ने अपेक्षा र सहारा बन्ने चाहना भएका बखतमा त्यस्ता जनप्रतिनिधि उल्टै आफ्नो अस्मिता तथा स्वाभिमान नै लज्जित हुनेगरी पुरुषको बहकाउमा लागेको अवस्था 'मतदान' कथामा प्रस्तुत भएको छ । त्यसैले "...त्यसैले मजस्तो पढेलेखेको, स्वावलम्वी र प्रतिष्ठित पदमा भएको महिलालाई त परेको बेला सहयोग गर्नुको सट्टा उच्चपदस्थ पुरुषसँगको सम्बन्ध बिग्रला भनी पुच्छर लुकाएर भाग्ने यी महिला नेत्रीहरू सोझा साझा र ग्रामीण महिलाको न्यायका लागि के गर्लान्" (पृ.७३) को मनोभाव मतदानका समयमा उत्पन्न भएको छ । नेपाली समाजका नारीका जैविक तथा मौलिक अधिकार कुण्ठित भएको यथार्थलाई कथाकार पन्तका कथाका पात्रले प्रतिनिधित्व गरेका छन् । विशेषतः समाजमा विद्यमान नारीजातिका पारिवारिक तथा सामाजिक

भूमिका सीमित र सङ्कीर्ण कोणबाट व्याख्या गरिएको प्रति कथाकारको आलोचनात्मक दृष्टिकोण आख्यानीकरण भएको देखिन्छ।

**यौनिक पहिचान**

नारीमा हुने यौनिक स्वभाव जैविक धर्म हो। प्राकृतिक रूपमा प्राप्त भएको संवेगबिज तथा त्यसको अभिमुखीकरणसम्बद्ध विकाससँगै यसको अनुभूति हुन्छ। यौन नारी र पुरुषका बिचमा हुने विषमलिङ्गी संवेगात्मक लक्षण हो। हाल आएर समान लिङ्ग (sex) का बिचमा पनि यौनिक अभिमुखीकरण तथा झुकाव भएको अवस्थामा यौनिक पहिचान व्याख्या हुने सन्दर्भ समाजमा विकसित भएको छ। यस्तो सम्बन्धले जैविक प्रजननमा पार्ने प्रभाव भने फरक विषय हो। यौनिक पहिचान बालक र बालिकामा करिब बाह्रदेखि पन्ध्र वर्षका बिचमा विकसित हुने संवेग हो। यस्तो संवेग निर्माण हुँदा विपरीतलिङ्गीसँगको सम्बन्ध अनुकूल बन्न जाँदा विषमलिङ्गरतिको भई यौनिक झुकाव विपरीतलिङ्गी बनेको हुन्छ। यसको विपरीत यौनिक झुकावमा बाधा उत्पन्न भएमा समलिङ्गी प्रकृति निर्माण हुन्छ (भण्डारी, २०५८, पृ.१३२)। यौनिकता संवेगको विषय हो। यस्तो विषयलाई नेपाली समाजमा नारीका निम्ति नियन्त्रित तथा निर्देशित र पुरुषका निम्ति स्वतन्त्र एवं निर्बाधजस्तो विषय बनाइएको छ। "...समाजमा महिलालाई उसको यौनिक अधिकारबारे स्वतन्त्र निर्णय गर्नबाट रोक्नछेक्न अनेक जाल बुनिएको हुन्छ। उसका अगाडि चारित्रिक नैतिकताको अजङ्गको प्रश्न खडा गरिएको हुन्छ जबकि पुरुषहरूले स्वतन्त्रताका साथ त्यस अधिकारको उपभोग गर्नु उनीहरूको जातले पाएको विशेषता मानिन्छ" -पाण्डे, २०६९ पृ.१४)। यौनिक संवेग प्राकृतिक र जैविक विषय भए तापनि यसलाई नियन्त्रणात्मक रूपले व्यवहार गर्ने अभ्यास भने समाजले निर्माण गरेको हो। समाज निरपेक्ष गुण भएको संवेगलाई बलपूर्वक नियमन गर्ने व्यवहारले समाजमा समस्या पनि निम्त्यएको हुन्छ। "पूर्वीय सामाजिक सांस्कृतिक परिवेशमा यौनिकतालाई महिलाको चरित्रसँग जोडेर हेरिने हुँदा उनीहरू यौनिक दृष्टिले उत्पीडित देखिन्छन्" (पन्त, २०७८ पृ.४३)। यौनिकतालाई समाजले संस्थागत गरेको व्यवहारका कोणबाट हेर्न थाले पछि समस्या उत्पन्न हुन्छ किनभने हरेक व्यक्ति उसको यौन संवेगका तहमा पृथक् गुणले युक्त हुन्छ। यस्तो पृथक्तालाई नियमन गर्न भनी बनाइएका वर्गीय स्वार्थ केन्द्री प्रचलनले नै समस्या उत्पन्न गर्छ। यौनिकतालाई नैतिकताको मापन मानेर गरिने व्यवहार नै समस्याको मूल कारण बनेको हुन्छ। "नारीलाई राष्ट्रिय र पारिवारिक संस्कृतिको परिचायक मानिने भएको हुनाले उसको 'चरित्र' डगमगाएका राष्ट्रिय नैतिकता तथा सांस्कृतिक मान्यताहरू नै धरमराउन जाला कि भन्ने चिन्ताले गर्दा यी 'चरित्रहीन चेली'हरूप्रति पुरुषप्रधान समाज आक्रामक हुन थाल्छ" (उप्रेती, २०७८, पृ.१९१)। त्यसैले यौनिक संवेदनालाई समाजमा दिइएको आवरण नै मुख्य समस्या बन्न पुगेको हो।

समग्रमा यौनिकता प्राकृति संवेग हो। जैविक प्रणाली नै यसको मुख्य कारक हो। परिवार तथा समाजले दिने मूल्य प्राकृतिक होइन। यौनिकताको प्रश्न जब समाज र परिवारले समाधान गर्ने विषय ठानिन्छ तब यौनिक समस्या उत्पन्न जान्छ। यसले मानसिक अवस्था र दसामा प्रत्यक्ष प्रभाव पार्दछ।

कथाकार साधना पन्त 'प्रतीक्षा'का पात्र पनि यौनिक पहिचानको प्रतिनिधि बनेर समाजमा प्रस्तुत भएका छन्। यौनिक विषयलाई निजी गुण र अनुभूतिका तहमा बोध गर्दछन् भने यसको तुष्टिकरणका उपाय पनि स्वयं खोज्दछन्। यस्ता कथामा 'लेखकको मृत्यु', 'उधारो सपना', 'रिक्तता', 'पहिलो प्रेम', 'यथार्थबोध', 'दोषी को ?', 'एक पतिताको साबिति बयान' पर्छन्। यी कथाका पात्र आफ्ना यौनिक गुण र अवस्थालाई परोक्ष रूपले अभिव्यक्त गरी तुष्टीकरणका उपयमा आफैं सक्रिय देखिन्छन्।

'लेखकको मृत्यु'मा समाख्याता पात्र "हेर्नुस्! हामी एक अर्काका अवश्यकता पनि हुन सक्छौँ" (पृ.२६) भनी नारीले आफ्नो समस्या समाधानको खोजी गरेकी छ। अपरिचित युवक सामू प्रथम भेटमा नै यस्तो प्रस्तुति र अपेक्षा व्यक्तिगत यौनिक पहिचानको रक्षा हो। "...मसँग सबै कुरा छ। घरपरिवार, धनसम्पत्ति, इज्जत प्रतिष्ठा, तरपनि मलाई लाग्छ मसँग केही छैन....सहयोग होइन महाशय! एउटा सम्झौता गर्न मैले तपाईंलाई बोलाएको हुँ" (पृ.२७) भनी यौनिक गुण र तदनुरूपको परोक्ष सङ्केत भएको छ। यसरी पात्रले आफ्नो निजी विषयलाई महत्त्वका साथ स्थान दिएकी छ। वास्तविक लेखक शारदाप्रसादका रचना आफ्ना नाममा छपाएर एकाएक चर्चा बटुलेकी स्रष्टा प्रतिभाले यौनिक समस्याका समाधान शारदाप्रसादबाट प्राप्त गरेकी छ। यस्तो रहस्यमय सम्झौता र त्यसको अन्तर्यमा भएको लेनदेनलाई पुरस्कृत हुँदाका दिनभरि सभामा प्रतिभाले व्यक्त गरेकी छ। यस स्तरको

यौनिक गुण, निम्तिएका समस्या र समाधानका उपाय साझा गर्ने क्षमता पात्रले राखेको छ। 'उधारो सपना' मा समाख्याता पात्र रूपा यौवनावस्थाको परिणामस्वरूपको अनुभूतिसमेटर उत्साहित बनेकी छ। अपरिचित युवकले फोनमार्फत् प्रस्तुत गरेको आत्मीयता नै उसलाई मीठो लाग्न थालेको छ। यही मिठासको लयमा उसका दैनिकी बितेका छन्। "उसले मोनिकालाई सबै कुरा भन्दै त्यो केटाले आफूलाई मन पराएको र बिहे गर्छु भन्दै भेट्नसमेत बोलाएको बताउँछे" (पृ.३६) को अवस्थामा रूपा पुगेकी छ। यौनिक संवेगले सृजना गर्ने मानसिक तथा शारीरिक गुण र त्यसको रक्षाका निम्ति पात्र स्वयं नै अग्रसर भएको अवस्था यस कथामा छ। यद्यपि रूपालाई अपरिचित युवकले अनुहारको रोगनका (अत्यधिक काली) का कारण धोका दिएको छ। आफ्नो यौनिक संवेदना अनुसारका गुणलाई सहजता दिन रूपा पनि क्रियाशील देखिन्छे। 'रिक्तता' की अचला आफ्नौ यौनिक पहिचान र नारीवत गुणलाई पहिचानबोधका कोणबाट प्रारम्भमा प्रस्तुत हुन्छे। कुनै युवक वा परपुरुषसँगको सम्बन्ध सार्थकताको आधार होइन। स्वयं नै सार्थक बन्न सकिन्छ भन्ने विचार उसमा छ तर जब युवक पात्रको हवाइ दुर्घटनामा मृत्यु हुन्छ जत शून्यताको चिसो बोध हुन पुग्छ। "...पहिलो चोटि मन चसक्क चस्कियो अनि एक्लै रुन मन लाग्यो र रोएँ पनि तर कसका लागि रोएँ म ? किन रोएँ ? कसलाई गुमाएँ ? सबै अनुत्तरित ! अफिस उही तर त्यहाँ मलाई जिस्क्याउन र प्रशंसा गर्न आउने ऊ छैन" (पृ.४७)। नारीले सहजात रूपमा प्राप्त गरेको प्राकृतिक गुण र सोअनुसारका परिवेश अपेक्षा गरेकी हुन्छे। कसैको उपस्थिति हस्तक्षेप लागेमा स्वत्वको पहिचानबोध हुन्छ भने प्राकृतिक लागेमा यौनिक पहिचान प्रबल बन्दछ। जे होस् 'रिक्तता'मा पनि अचलाको यौनिक पहिचान अन्ततः प्रबल बन्न पुगेको छ र युवकको अनुपस्थितिमा व्यथित बनेको छ।

नारीले आफ्नो यौनिक संवेगलाई वैवाहिक जीवनमा परिणत गरी जैविक पहिचान र भूमिकासमेतको रक्षा गर्ने स्वप्न देखेका हुन्छन्। यो नारीमा रहेको जैविक संवेग र त्यसको सहजात गुण हो। पुरुषमा यौनिक संवेग भए तापनि मातृत्वका प्राकृतिक जिम्मेवारी तथा अङ्ग संरचना हुन्न। यस्तो चाहनाल समाख्याता पात्र 'म' आफ्नो प्रेम प्रेमीका सामू प्रस्तुत गरी वैवाहिक जीवनको आनन्दमा रम्ने सोचमा हुन्छे तर प्रेमी एच्. आइ. भि. सङ्क्रमित भएको थाहा हुन्छ। "उसको फराकिलो छातीलाई नै मैले आफ्नो लक्ष्य बनाएँ त के बिराएँ ? अर्को मनले सधैँ सतर्क बनाउँथ्यो गाराउँथ्यो 'के उसले पनि यस्तै सोचेको होला त ?यदि होइन भने तँ आफ्नो एकतर्फी प्रेममा यसरी पागल नबन ..'" (पृ.५५)। यसरी यौनिक संवेदनाले व्यथित बनेकी समाख्याता पात्र अन्तत आफ्नो प्रेमीबाट "आखिर के चाहन्छ्यौ तिमी ?, तपाईंसँग बिहे गर्न चाहन्छु....., तर म तिमीसँग बिहे गर्न सक्तिनँ....., आखिर किन ? किनकी म एच्. आइ.भि सङ्क्रमित हूँ"(पृ.५७) को विन्दुमा पुगी गहिरो पीडमा परेकी छ। नारीले यौनिक संवेगलाई आफ्नो निजी र जैविक अस्तित्वको प्रधान पक्ष मानेकी हुन्छे भने त्यसैको तुष्टीकरणका निम्ति गरेको अठोट यस्तो कठोर मोडमा पुगेको बोध गर्छे। नेपाली समाजमा यौनिक संवेग नारीका निम्ति नैतिकता र अनुशासनको विषय हो। यसलाई समेत निस्तेज पारी गरिएको निर्णयको बदलामा यस्तो पीडादायी अनुभूति प्राप्त भएको छ। त्यसैले पन्तको यस कथामा नारीको यौनिक संवेगसम्बद्ध समस्या झन प्रबल बनेको देखिन्छ। 'यथार्थबोध' कथामा मानवेतर प्राणी कुकुर र मानिसका बीचको यौनिक स्वभाव एवं मैथुनिक क्रियाको तुलनाद्वारा मातृत्व प्रस्तुत गरिएको छ। परिवारको जिम्मेवार स्थितिमा पुगेका अधबैंसे पनि बाहिर युवतीसँगका यौनिक क्रियाकलापमा जोडिएका छन्। घरबाहिरको सम्बन्धमा जोडिएका युवतीको कोणबाट हेर्दा यसमा पनि यौनिक पहिचान तथा तुष्टीको विषय परोक्ष बनेर रूपमा देखिन्छ यद्यपि यस कथाले प्रस्तुत गरेको विचार भने मातृत्व शक्ति र त्यस्तो शक्तिले ग्रहण गरको त्यागको प्रकृति हो।

यौनिक संवेदना प्राकृतिक भएकाले सामाजिक मर्यादा र आचारण गौण बन्छन्। नारीले यसको प्राकृतिक गुणको भोक्ता बन्ने हो तर न कि सामाजिक तथा पारिवारिक मूल्यका नाममा कुण्ठित। त्यसैले सीमान्त अवस्थामा पुगेपछि नारीका यौनिक पहिचान प्रधान हुने तथा पारिवारिक र सामाजिक मर्यादा गौण बन्ने स्थिति सृजना हुन्छ। 'दोषी को ?' कथामा 'गौरी' अन्तत त्यही प्राकृतिक यौनिक संवेगको प्रवाहमा हेलिन पुगेकी छ। नवविवाहित युवती पति परदेशगमन भएपछि प्यासी बन्न पुगेकी छ भने उसको प्राकृतिक यौनिक संवेग उद्वेलित भएको छ। त्यसैले "...उकुसमुकुस हुँदै छाती पोलेको अनुभव भयो । एक अंखोरा पानी एकै सासमा पिई तर अहँ ! जलन झनझन बढ्न थाल्यो। सारा शरीर तातेर पग्लन थालेको आभाष भयो" (पृ.१०६) को मनोदसामा गौरी पुगेकी छ। यौनिक संवेगले व्यथित भएको यो प्राकृतिक स्थितिलाई परिवार र समाजका नाममा दबाएर तथा दबिएर रहनु परेको अवस्था छ। अन्ततः गौरीले प्राकृतिक यौनिक संवेदनालाई प्राथमिकता दिएर तुष्टीको विकल्प

खोजेकी छ भने परिवारभित्र (ससुरा-मुखिया) नै त्यस्तो विकल्प प्राप्त गरेकी छ। यसले प्राकृतिक गुण र त्यसको सहजता नै प्रधान पक्ष रहेको र पारिवारिक तथा सामाजिक विधिविधान गौण बनेको स्थिति पुष्टि गर्छ। नारीको शरीरले स्वाभाविक रूपमा अपेक्षा गर्ने पुरुषको उपस्थिति र सोअनुसाको मेल हुन नसक्ता पनि समस्या उत्पन्न हुन्छ। पन्तको 'एक पतिताको साबिति बयान' कथामा मेनका पात्रमा यौनिक संवेग तथा त्यसअनुसारको परिवेश ( पुरुषको उपस्थिति) हुन नसक्ता यौनिक चाहना तुष्टीले वैकल्पिक उपाय खोजेको छ। यसको लक्षण मनोदसाका रूपमा आरम्भमा देखिएको छ। मानसिक तनावबाट यस्तो सङ्केत भएको छ। "...मेनका भने कहिलेकाहीँ बिरामी हुन्थी। उसलाई रिङ्गटा र बेहोसी जस्तो हुन्थ्यो। डाक्टरले कुनै गम्भीर समस्या नभएर तनावका कारणले भएको भन्थ्यो" (पृ१३७)। यौनिक चाहना र त्यसको सहज तुष्टी हुन नसकेका कारण यस्तो समस्या देखिएको पुष्टि पछि ममताले स्वीकारेकी छ। "तिमीबाट पाउने अतृप्तता र उसँगको तृप्तीको द्वन्द्वका कारण म मुर्छित हुन्थेँ। ज्वारो चढ्थ्यो तर तिमीले त्यसलाई सामान्य बिमारी सम्भि्फयौ"(पृ.१३९)। यसरी नारीले आफ्ना शारीरिक गुणलाई दबाएर बस्नु पर्ने समस्या यौनिक पहिचानको विषय हो। समाधानको उपायका निम्ति ममताले उमेशको साथ गोप्य रूपले पाएकी छ। "चाबी छिराउने प्वालबाट चियाउँदा जुन दृश्य देखेँ। त्यसको कल्पना सम्म गरेको थिइन" (पृ.१३८) को अवस्थामा उमेश र ममताको सम्बन्ध पुगेको छ। यसरी एउटी नारी शारीकिर रूपमा जैविक संरचना भएको र पारिवारिक तथा सामाजिक मूल्य जैविक प्रणालीभन्दा पृथक् र मानव निर्मित भएको अवस्थाका बीचको द्वन्द्व प्रस्तुत भएको।

यौनिक पहिचानमा केन्द्रित गरिएका पात्र तथा तिनको चरित्र निर्माणको योजनाका दृष्टिले कथाकार पन्त नारीलाई उसको जैविक अस्तित्वमा स्थान दिन उद्यत देखिन्छिन्। सामाजिक मर्यादा र पारिवारिक सम्बन्धभन्दा प्रधान जैविक स्वभाव हो। यस्तो स्वभावले सहज स्थान पाउनुपर्छ। त्यसका निम्ति विकल्पको खोजीमा सरिक हुनु नारीको स्वाभाविक पक्ष हो भन्ने कोण माथिको विश्लेषणबाट पुष्टि हुन्छ।

**जैविक समस्या**

जीवको जैविक भूमिका हुन्छ। जीव आफ्नै शारीरिक गुण र स्वभावले युक्त हुन्छ। प्रथमतः मानिस जीव हो। त्यसैले नारीमा पनि जीवगत शरीर संरचना र प्रणाली विद्यमान हुन्छन्। नारीको शरीरमा उत्पादन हुने अण्डा, अण्डाको शेचन प्रक्रिया र गर्भाधारण केवल नारीका जैविक अस्तित्व हुन्। यस्तो प्रक्रियामा पुरुष (सृष्टिको सहकर्ता) सामेल भए तापनि नारीका जैविक प्रणाली बढी जटिल र जिम्मेवार हुन्छन्।

> पितृसत्तामा महिलाको प्रजनन शक्तिमाथि पनि पूर्ण मात्रामा पुरुषको नियन्त्रण रहन्छ। कहिले बच्चा जन्माउने, कति जन्माउने, एउटा बच्चा र अर्कोका बीचमा कति समयको दूरी राख्ने, गर्भमा अएको बच्चालाई राख्ने कि नराख्ने, परिवार नियोजनको साधन प्रयोग गर्ने कि नगर्ने, त्यस्तो साधन प्रयोग गर्ने हो भने कुनचाहिँ प्रयोग गर्ने भन्ने जस्ता सबालमा महिलाले आफ्नो इच्छा राख्न पाउँदिन (पाण्डे, २०६९, पृ.१४)।

नारीका भूमिका प्राकृतिक छन्। तिनमाथि समाज र परिवारमा निर्धारित व्यवस्था र अनुशासन सिर्जना गरिएको छ तर प्रकृति निर्मित पहिचानलाई मानव निर्मित प्रचलनले अवरोध गर्न सक्तैन। त्यसैले नारीमा प्रकृति प्रदत्त भूमिका मातृत्वका रूपमा सहजात बनेको हुन्छ। "जैविकीय विशेषताका कारण उसले निर्वाह गर्नुपर्ने भूमिकाका आधारमा पितृसत्ताद्वारा उमाथि लैङ्गिक विभेदको आरम्भ भएको मानिन्छ" (पन्त, २०७८, पृ.३२)। नारीको अङ्ग संरचना तथा त्यसको भूमिकाका आधारमा गरिने व्यवहार शक्ति सम्बन्धमा निर्भर हुन्छ। यस्तो स्थितिमा पुरुष वर्गले आफ्नो अग्राधिकार निश्चित गर्ने र त्यसको दुरूपयोग नारीमाथि गर्छन्। यसलाई पितृसत्ताको उत्पीडनका रूपमा पनि विश्लेषण गरिन्छ। यस्तो उत्पीडन जन्मजात विषय होइन। समाज निर्मित र सत्ता केन्द्रित शक्ति सम्बन्धको परिणाम हो किनभने "कुनै पनि बालक (चाहे त्यो स्त्री होस् वा पुरुष)जन्मँद न त समलैङ्गिक हुन्छ न त विपरीतलिङ्गी। ऊ त केवल शरीरभरि सल्बलाइ रहने स्वतन्त्र यौनेच्छाको स्वतन्त्र सङ्केतक मात्र हुन्छ" (उप्रेती, २०७८, पृ.१९७)। अर्थात् जैविक प्रणाली र भूमिकाले नारीलाई निश्चित अङ्ग संरचना र त्यसको कार्य मात्र सिर्जित गरेको हुन्छ। त्यसलाई कस्तो स्थान दिने वा ग्रहण गर्ने भन्ने विषय प्राकृतिक हुन्न। ग्रहणकर्ता सापेक्ष हुन्छ।

नारीको जैविक पहिचान प्रजननको भूमिका हो। यससम्बद्ध जैविक प्रणाली तथा त्यसको कार्य नै नारीको जैविकीय स्थान हो। यो प्राकृतिक हुने भएकाले भेद वा विभेदभन्दा माथि तथा निरपेक्ष प्रणाली हो।

कथाकार साधना पन्त 'प्रतीक्षा' का कथामा नारी पात्रले जैविकीय भूमिका निर्वाह गर्ने सिलसिलामा अनुभव गरेका घटना तथा कथानक चरित्र प्रस्तुतिका क्रममा आएका छन् । त्यस्ता कथामा 'मसानघाटको शान्ति', 'तिर्खाएको नदी', 'सपनाको राजकुमार' आदि रहेका छन् । एउटी आमा आफ्ना सन्तानसँगको भेट र सुखका आशाले कतिसम्म व्यग्र हुन्छे भन्ने कथावस्तु 'मसानघाटको शान्ति' कथामा आएको छ । जेठो छोरालाई विद्रोहीले घर आएकै दिन विस्फोटनमा पारी मार्छन् भने बाबुआमाको बास पाटीमा मगन्तेको रूपले बित्छ । कान्छो छोरालाई अपहरण गरी विद्रोहीले सेनामा भर्ती गर्छन् । यता बाबुआमा कान्छो छोराको मुख मात्र भए पनि हेर्न पाइने आशामा बसेका हुन्छन् । मातृत्वले यस्तो दारुण र निरूपाय अवस्थामा व्यथित हुनु परेको स्थिति यस कथाका पात्रले चरित्रका तहमा प्रस्तुत गरेका छन् । मातृत्वको अनुभूति र त्यसले दिने पीडा असह्य हुन्छ । यसलाई 'तिर्खाएको नदी'मा प्रस्तुत गरिएको छ । रजस्वलाको धर्म शरीरले पालना गर्न थालेदेखि नै मातृत्व प्रबल बनेको र जीवनको लामो यात्रामा वैधव्यको पीडादायी अनुभूतिसमेतले यो कथा निकै सूक्ष्म भावसंवेदनामा केन्द्रित छ । "फूल फुलेदेखि नै बतिला लाग्न सुरु भएको त्यस वृक्षमा ऋतुकालसँगै फल लाग्दै गए, निर्बाध रूपमा तिमध्ये कतिपय कोपिलामा नै सुकेर भरे भने कति बतिलामा नै कुहिएर झरे अनि केही त विकसित भएपछि पनि झरे । उसको मातृत्व कति पटक आहत भयो गन्ने पर्ने हुन्छ" (पृ.११७) । वृक्षलाई प्रतीकात्मक रूपले प्रयोग गरेर नारीमा रहेको मातृत्वको अनुभूतिका पीडादायी पल यहाँ प्रस्तुत गरिएको छ । यसका निम्ति पनि जैविक गुण, अङ्ग संरचना र तिनले चक्रीय क्रम पूरा गर्ने सिलसिलाको बाह्य प्रतिफलनस्वरूप माथिको कथांश आएको हो ।

पुरुष सृष्टिका क्रममा सहकर्ता भए तापनि यस्तो गहिरो र सहजात अनुभूति उसँग हुन्न । त्यसैले नारीका नितान्त जैविक अङ्ग प्रणालीद्वारा प्राप्त भएको संवेदना नै प्रबल हुन्छ । "साँच्चै ! मातृत्व कस्तो अनौठो !तपाईंहरू पनि अनुभव गर्नुभएको छ ? ज्वरो आउँछ छोरालाई तर रन्कन्छ आमाको निधार । घाउ लाग्छ सन्तानलाई तर चस्कन्छ आमाको छाती । पीडा हुन्छ छोरीलाई तर बर्सन्छन् आमाका आँखा । बिरामी हुन्छन् नातिनातिनी तर छटपटी हुन्छ उसैलाई" (पृ.११९) । यस्तो सूक्ष्मतामा पीडा अनुभूत हुनुको मुख्य कारण नै नारीमा भएको जैविकीय गुण र सहजात स्वभाव हो ।

कथाकार पन्तका कथामा नरी पात्रहरू यौनिक संवेदना तथा त्यसका जैविक गुणले युक्त भई छटपटीमा परेका छन् । जब कुनै नारी पात्र कथामा चरित्रका रूपमा बिम्बित हुन थाल्छे स्वतः उसका नैसर्गिक संवेदनाले घेरिन पुग्छे । यसैको निरन्तरता 'सपनाको राजकुमार' कथामा भएको छ । 'मेघा' र 'आकाश' यौवनकालमा परस्परलाई मनमा सजाएर बस्छन् । मेघामा आफ्नो अस्तित्व र व्यक्तित्वको प्रबलता विकसित हुन्छ अनि अध्ययनमा जुट्छे भने आकाशले अर्की युवतीसँग समानान्तर रूपले प्रेमको अभिनय गर्छ । अन्तत : मेघा आकाशले दिएको धोखा व्यथित हुन पुग्छे । जैविकीय चाहना तथा त्यसले प्रदान गर्ने मातृत्वसमेतको रहरले शिष्ट मनोदसामा आकाश सामू पुगेकी ऊ अन्तत मुर्छित तुल्य हुन्छे । "साँच्चै ! कति पवित्र आस्था र विश्वासका साथ आकाशलाई प्रेम गरेकी थिई मेघाले तर त्यो आस्थालाई थामिरहन सकेत आकाशले किनकि, उसलाई मेघाको आत्मिक प्रेम पर्याप्त थिएन" ( पृ.१२९) । यसरी जैविक भूमिका र स्थानको समेत गहिरो ख्याल गरेर मेघाले आकाशबाट गरेको अपेक्षा अन्ततः दुर्घटित बनेको छ । कथाकार पन्त नारीलाई उसको निजी स्थान र जैविक भूमिकामा अस्तित्ववान् स्थापित गर्न चाहन्छिन् । त्यसैले नारीलाई तिनले प्राप्त गरेको प्रजनन अधिकार तथा त्यसको सदुपयोगको गहिरो ख्यालसमेत गराई पात्रको निर्णय स्वाभाविक बनाउँछिन् ।

मुख्यतः नारी जीवनका आयाम र विविध भूमिकामा पात्रलाई चरित्रका माध्यमले प्रस्तुत गर्ने अन्तर्यको योजना नै पन्तका कथामा प्रस्तुत भएका छन् । कतै सामाजिक प्रचलनका रूपमा विकसित विभेदपूर्ण श्रमसम्बन्ध, कतै यौनिक संवेदना र त्यसको सहजात तुष्टि त कतै जैविकीय गुण एवं भूमिकामा पन्तका पात्र चरित्रमा बिम्बित बनेका छन् ।

**निष्कर्ष**

साधना पन्त 'प्रतीक्षा' को *यमदूतको आत्मसमर्पण* (२०७९) कथासङ्ग्रह सामाजिक परिवेशमा अनुभूत गरिएका घटना तथा सहभागीको आख्यानीकरण रचना हो । कथाकारले आफ्नो परिवेशमा देखेका घटना नै यस सङ्ग्रहमा कथाका घटना तथा पात्र बनेका छन् । मानव जीवनका अन्तर्यमा प्रवेश गरी तिनको मनोदसा तथा व्यथालाई चरित्रको प्रारूप दिन यिनी अभ्यस्त देखिन्छिन् । यिनका कथामा मुख्यतः नारी पात्र र तिनका जीवनका

आयाम चरित्र बनेर प्रस्तुत भएका छन् । नारीलाई नै केन्द्रमा राखेर प्रस्तुत गरिएका घटनामा अधिकांश नारीसमस्या जोडिएका छन । नेपाली समाजमा नारीका विविध भूमिका भएकाले तिनै भूमिका निर्वाह गर्ने क्रममा अनुभव गरिएका समस्यामा चरित्रले फेरो लगाएका छन् । सांस्कृतिक समस्या, यौनिक पहिचान र जैविक समस्या प्रायः कथामा देखिएको छ । यीमध्येमा पनि यौनिक पहिचान तथा त्यसले लिएका विविध मोड बढी सघन र प्रबल बनेको देखिन्छ । सांस्कृतिक समस्याका दृष्टिले 'यमदूतको आत्मसमर्पण' सघन छ । त्यसैगरी यौनिक पहिचानका कोणबाट 'लेखकको मृत्यु', 'पहिलो प्रेम', 'दोषी को ?' र 'एक पतिताको साबिति बयान' प्रतिनिधि छन् । यिनमा नारीका यौनिक संवेग तथा त्यसको तुष्टीका निम्ति चालिएको कदम पितृसत्तात्मक समाजमा गढेको नैतिक अनैतिकको घेरा बाहिर पार गरेको अवस्था छ । जैविक समस्यालाई सम्बोधन गरेका कथामा 'तिर्खाएको नदी' प्रतिनिधि देखिन्छ । समग्रमा पन्त नारीका मनोदसा र त्यसले खोजेका समाधानका विकल्पलाई सूक्ष्मतापूर्वक चरित्रको बिम्बमा खिच्न सफल कथाकार हुन् ।

**सन्दर्भ सामग्रीसूची**

उप्रेती, सञ्जीव (२०७८), *सिद्धान्तका कुरा,* बुकहिल पब्लिकेसन प्रा.लि. ।
पन्त, साधना 'प्रतीक्षा' (२०७८), *समकालीन नेपाली नारी आख्यानमा पहिचान र विद्रोह,* नेपाल प्रज्ञाप्रतिष्ठान ।
प्रतीक्षा, साधना (२०७९), *यमदूतको आत्मसमर्पण,* शिखा बुक्स ।
पाण्डे, ज्ञानु (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।
भण्डारी, कृष्णप्रसाद (२०५८), *फ्रायड र मनोविश्लेषण,* दोस्रो संस्क., साझा प्रकाशन ।